## अनुसूची ५

दफा ७ संग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**सवारी साधन कर (दर्ता  तथा नविकरण)**

| | | |
|---|---|---|
| | डोजर, टिप्पर, गेडर, रोडर,एक्साभेटर | १०००।० |
| | बस, ट्रक, लरी तथा हेभीगाडी | १०००।० |
| | भाडाका मिनी बस | ५००।० |
| | भाडाका कार,जिप | २००।० |
| | निजीकार, मिनी बस | ३००।० |
| | मिनी ट्रक माईक्रो ट्याक्टर | ३००।० |
| | स्कुटर, मोटरसाईलक तथा अन्य सवारी साधन | ५०।० |
| | रिक्सा, ठेला | २०।० |
| | कार्यविधि अनुसार हुनेछ | |

## अनुसूची–६

दफा ८ संग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

**विज्ञापनकरको दररेट  :**

१. साईनवोर्ड, होडिङवोर्ड, ग्लोवोर्ड स्टल आदीमा २५।- वर्गफुट भन्दा माथी प्रति वर्गफुट रु. ८० ( अक्षेरुपी असी मात्र )

२. साईनवोर्ड, होडिङवोर्ड, ग्लोवोर्ड स्टल आदीमा २५।- वर्गफुट भन्दा कम प्रति वर्गफुट रु. ५० ( अक्षेरुपी पचास मात्र )

३. भित्ते लेखन, सटर पेन्टिङ बाट प्रति वर्ग स्क्वायर फिट रु. १०।- (अक्षेरुपी दश मात्र )

४. पोल व्यानर, बन्टिङ व्यानर प्रति हप्ता रु. ४००।- प्रति गोटा

५. तुल व्यानर एक हप्ताको लागि रु. ५० ( अक्षेरुपी पचास मात्र )

६. तुल व्यानर एक हप्ता भन्दा बढीको लागि रु. १०० ( अक्षेरुपी एक सय मात्र )

७. व्यवसाय परिचयको लागि वढीमा ४×५= २० स्क्वायर फिटसम्मको १ थान वोर्ड व्यवसायीले आफ्नो पसल वा व्यवसाय रहेको भित्ता, पखौलमा राख्न पाउने छ। सो भन्दा ठूलो आकारको वोर्ड राख्न परेमा नगरपालिकाको स्विकृती लिनुपर्नेछ साथै तोकिएको मापदण्ड भन्दा ठूलो वोर्ड राखेमा अन्य वोर्ड सरह रकम असुल गर्न सकिने छ। कुनै प्रकारको विज्ञापन गर्न /गराउन परेमा नगरपालिकाको स्वीकृती लिई गराउनु पर्नेछ। अन्यथा त्यस्ता प्रचार सामाग्री हटाउन वा मेटाउन सकिने छ।

## अनुसूची- ७

दफा १४ संग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम

| पर्यटन शुल्क |
|---|
| १)  प्रदेशले तोके बमोजिम हुने छ। |

## व्यवसायको वर्गीकरण सम्बन्धमा देहाय बमोजिम गर्ने

क) सामान्यतया रु. १ लाखसम्मको लगानीमा संचालन भएका व्यवसायलाई "घ"श्रेणी ।

ख) सामान्यतया रु. १ लाखदेखि ३ लाख सम्मको लगानीमा संचालन भएका व्यवसायलाई "ग" श्रेणी ।

ग) सामान्यतया रु.३ लाखदेखि ५ लाख सम्मको लगानीमा संचालन भएका व्यवसायलाई "ख" श्रेणी ।

घ) सामान्यतया रु. ५ लाख भन्दा बढी लगानीमा संचालन भएका व्यवसायलाई "क" श्रेणी ।

१ श्रेणी निर्धारणको लागि वडाको सिफारिस बमोजिम गरिनेछ ।

२ हालसम्म दर्ता भई सकेका उद्योग व्यवसायको हकमा सो समितिले निर्धारण गरेको श्रेणीगत दर लागू हुनेछ ।

३ माथि उल्लेख नभएका करहरु अघिल्लो सभामा व्यवस्था भए बमोजिम लागु हुने छ ।

४. एउटै व्यक्तिले आफ्नो नाम वा आफ्ना परिवारको नाममा दोहोरो पसल व्यवसाय उद्योग अन्य त्यस्तै किसिमको कारोबार भएको देखिएमा तथा मूल वा शाखा भएमा अलग अलग व्यवसाय कर लिइने छ ।

५. नगरपालिका भित्रको उद्योगी, उद्यमी, व्यापारी, व्यवसायीहरुले फम बन्द गर्नु परेमा वडा कार्यालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ । बक्यौता कर असुली नगरेसम्म करदाता वा निजका परिवारको नाममा कुनै किसिमको सिफारिस गरिनेछैन ।
६. नपाको निर्णय बमोजिम स्वीकृत लिए भन्दा फरक भवन निर्माण गरेको खण्डमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेछ ।